नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना क्लष्टर इकाई
चौतारा, सिन्धुपाल्चोक

# प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**पहिलो पटक प्रकाशित मिति-२०८१/०७/१३**

यस खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना कलष्टर इकाई, चौतारा सिन्धुपाल्चोकको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन गर्नका लागि आयोजना संचालन क्षेत्रका गाँउपालिकाहरुमा आयोजनाबाट गठन तथा दर्ता भई परिचालन भएका उत्पादक कृषक समूह तथा पोषण समूहहरुले यो सूचना प्रकाशित भएको मितिले ४१ औं दिन (मिति-२०८१/०८/२३ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु र व्यावसाय योजना सहित प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**आयोजना संचालन भएका क्षेत्रहरु:**

१. बैतेश्वर गा.पा. र मेलुङ गा.पा. का सबै वडाहरु, दोलखा ।
२. सुनकोशी गा.पा. र त्रिपुरासुन्दरी गा.पा. का सबै वडाहरु, सिन्धुपाल्चोक ।

**कार्यक्रम विवरण:**

| क्रस | सूचना न | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | 01/FANSEP-SI/2081/82 | साना सिंचाई कार्यक्रम | ५० वटा | ८५।वा वढीमा १.५ लाख प्रति संख्या | |
| २. | 02/FANSEP-HP/2081/82 | Handling and processing संरचनाहरुको निर्माणमा सहयोग | २ वटा | ८५।वा वढीमा 20 लाख प्रति संख्या | |
| ३. | 03/FANSEP-RCH/2081/82 | ग्रामिण बजार, संकलन केन्द्र तथा हाटबजारहरुको सुधार/पुनर्स्थापनामा सहयोग | २ वटा | ८५।वा वढीमा १5 लाख प्रति संख्या | |
| ४. | 04/FANSEP-MG/2081/82 | पुरक अनुदान कार्यक्रम (कृषि/ पशुपन्छीको उत्पादकत्वमा सुधार, प्रशोधन तथा मूल्य अभिवृधि आदि) | ५८ वटा | ८५।वा वढीमा ६ लाख प्रति समूह | |
| ५. | 05/FANSEP-SG/2081/82 | साना अनुदान कार्यक्रम (पोषण सुरक्षामा सुधार) | ३२ वटा | ८५।वा वढीमा ५ लाख प्रति समूह | |
| ६. | 06/FANSEP-ME/2081/82 | महिला तथा पिछडिएको समूहहरुलाई फार्म मेशिनरी तथा औजार उपकरणमा सहयोग | २१ वटा | ८५।वा वढीमा १.५ लाख प्रति समूह | |
| ७. | 07/FANSEP-CP/2081/82 | बाली उत्पादन प्रवर्द्धन कार्यक्रम | २७ वटा | लागतको आधारमा ८५। अनुदान प्रति समूह | |

वरिष्ठ कृषि अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | 08/FANSEP-GP/2081/82 | बाख्रापालन प्रवर्द्धन कार्यक्रम | ३२ वटा | ८५। वा वढीमा 2.63 लाख प्रति समूह | |
| ९. | 09/FANSEP-DP/2081/82 | दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम | १३ वटा | ८५। वा वढीमा 1.58 लाख प्रति समूह | |
| १०. | 10/FANSEP-PP/2081/82 | ग्रामिण कुखुरापालन प्रवर्द्धन कार्यक्रम | ६ वटा | ८५। वा वढीमा 2.36 लाख प्रति समूह | |

**नोटः**

१. यस सम्बन्धी सूचना आयोजना व्यवस्थापन इकाई हरिहरभवन ललितपुरको वेवसाईट www.fansep.moald.gov.np मा समेत हेर्न सकिने छ।

२. साना तथा पूरक अनुदानको हकमा मूल्य श्रृखला विश्लेषण अनुसार प्राथमिकतामा रहेको बाली वा पशु सेवा सम्बद्ध प्रास्तवनालाई प्राथमिकता दिईने छ ।

३. पूरक अनुदान वा प्रवर्द्धन कार्यक्रम मध्ये कुनै एकका लागि मात्र प्रस्तावना पेश गर्न सकिने छ ।

४. प्रवर्द्धन कार्यक्रमहरु सम्बद्ध अनुसार गठन भएका समूहहरुले मात्र प्रस्तावना पेश गर्न सकिने छ ।

**प्रस्तावना पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु-**

१. निवेदन (रु.१० को हुलाक टिकट सहित) ।

२. समूह दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी।

३. समूहको स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रतिलिपी।

४. समूहको नाममा रहेको बैंक खाता नं र चेक बुकको प्रतिलिपि ।

५. जग्गा धनिपुर्जाको प्रतिलिपी वा भाडाको हकमा कम्तिमा १० वर्षे करार सम्झौताको प्रतिलिपि ।

६. व्यावसाय योजनाको वातावरणीय र सामाजिक सुरक्षणका मापदण्ड पुरा भएको प्रतिवद्धता ।

७. योजना पेश गर्ने विषयमा समूहको निर्णय र समूहको आधिकारिक व्यक्ति तोकेको निर्णयको प्रतिलिपी ।

८. संरचना निर्माणको हकमा कार्यक्रम विवरण तथा लागत ईष्टिमेट सहित प्रस्तावना पेश हुनुपर्ने ।

९. कम्तिमा १५। लगानी गर्ने समूहको प्रतिवद्धता।

१०. संकलन तथा प्रशोधन केन्द्र जस्ता संरचना निर्माणको हकमा समूह र अन्य संस्था (पालिका/वडा/संघसंस्था/कृषि सहकारी) संग बहुपक्षिय सम्झौता गरि लागत साझेदारीमा गर्न सकिने छ ।

**थप जानकारीका लागि उल्लेखित नम्बरमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछः**

१. गोविन्द मगर- ९८४५१७४३५८

२. दिपेन्द्र लामिछाने- ९८५१३२९६८६

राजेश कुमार के.सी., क्लष्टर प्रमुख

वरिष्ठ कृषि अधिकृत